**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १४ दिसम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

- खरसाङ वन विभाग एवं स्वयंसेवी संगठन जम्बो ग्रुपको संयुक्त सहयोगमा बागडोगरामा तीन दिवसीय हात्ती बन्धु मेला आरम्भ भएको छ।
- नेपाली संस्कृति परिषदले अयोध्या धामदेखि नेपालको जनकपुर धामसम्म यथाशीघ्र एक सम्पर्क सर्किट बनाउने एक प्रस्ताव पारित गरेको छ।
- रूङदुङ खोलामाथि जीटीएले ब्रीज नगरेको खण्डमा अजय एडवाडर्सले गाउँलेहरूसंग मिलेर पक्का ब्रीजको निर्माण गर्ने घोषणा गर्नु भएको छ।
- भारतीय दलित साहित्य अकादमी दिल्लीबाट डा भीमराव अम्बेडकर फेलोशिप पुरस्कार ग्रहण गरेर फर्केका प्रकाश सेवा अनि रवि तोलङ्गीलाई खरसाङमा भव्य स्वागत गरिएको छ।
- उत्तर बंगालमा जाड़ोको प्रभाव जारी छ। आगामी दुई दिनसम्ममा तापमानमा कुनै ठूलो परिवर्तन नआउने मौसम विभागले जनाएको छ।

**हाथी मेला**

खरसाङ वन विभाग एवं स्वयंसेवी संगठन जम्बो ग्रुपको संयुक्त सहयोगमा बागडोगरामा तीन दिवसीय हात्ती बन्धु मेला आरम्भ भएको छ। आज मेलामा मानिसहरूको व्यापक उपस्थिति देखियो। मेलामा केही जागरूकता स्टलहरू पनि राखिएको छ। मानव-हात्ती बीचको संघर्षलाई रोक्ने तथा वैकल्पिक कृषिको माध्यमबाट किसानहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले हात्ती बन्धु मेला आयोजना गरिएको हो। खरसाङ वन विभागका डी.एफ.ओ देबेश पाण्डेले भन्नुभयो, मेलाको मुख्य उद्देश्य हात्ती अनि मानव बीचको संघर्षलाई रोक्नु हो। बस्तीहरूको संख्या बढ्दै गइरहेको छ अनि जंगलहरूको संख्या घटिरहेको छ जसले गर्दा हात्तीहरूको लगातार मानवसित संघर्ष भइरहेको छ। मेलाको माध्यमबाट किसानहरूलाई वैकल्पिक कृषि धानसँगसँगै माछा, सब्जी तथा मौरी पालनप्रति रूचि बढ़ाएर उनीहरूलाई सहयोग गर्नु हो।

**भुजेल खवास सांस्कृतिक संगठन**

भुजेल खवास सांस्कृतिक संगठनले आज सिलिगुडीमा प्रेस भेला गरि भुजेल खवास बोर्डको चेयरमेन प्रदीप कुमार खवास नै हुनु पर्छ भन्ने विषय उठान गरेका छन्। संगठनका अध्यक्ष प्रमोद खवासले अब उसो संगठनले बोर्डलाई निगरानीमा संचालन गर्ने बताउनु भयो भने संगठनका महासचिवले पनि संगठन अनि बोर्डलाई असल ढंगमा मजबूत बनाएर लैजाने जानकारी दिनु भयो।

**एल. बी. राई**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले पहाडका १६ वटा विकास एवं सांस्कृतिक बोर्डहरूको पुन: सचालनलन गर्ने घोषणा गरेपछि यसबारे छानबीन गरेपछि बोर्ड मनोटेरिङ कमिटीका अध्यक्ष अनित थापा अनि उपाध्यक्ष एल. बी. राइ कलकता पुगेर पहाड फर्किएका छन्। यसक्रममा एल. बी राईले पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा कलकतामा मन्त्री अरूप विश्वाससँग सौहार्दपूर्ण कुराकानी भएको बताउनु भएको छ। उहाँले लगभग सबै बोर्डका पुरानै चेयरमेनहरू यथावत रहने भएता पनि कतिपय बोर्ड सदस्यहरूमा फेरबदल हुने जानकारी गराउनु भयो।

## आगलागी

दार्जीलिङ नगरपालिका अन्तर्गत वार्ड नम्बर १९ रुपनारायण सिन्हा सडकमा हिजो राति आगलागी भएको घटना प्रकाशमा आएको छ। रातको लगभग ११ः३० बजे आगलागीमा नरना शर्माको घर जलेर पूरै खरानी भएको जानकारी प्राप्त भएको छ । यस विषयमा अनुसन्धान गरिरहेको अग्निशमन विभागले जनाएको छ । अन्य सम्बन्धित अधिकारीले घटनास्थलमा पुगेर आगो निभाउन मद्दत गरेर स्थितिलाई नियन्त्रणमा लिएका थिए।

## भारत- नेपाल सम्बन्ध

भारत अनि नेपालको बीच सम्बन्धहरूको आधार रहेको छ- प्रभु श्रीराम तथा माता जानकी। नेपालको एक प्रधानमन्त्रीले श्रीराम अयोध्यामा जन्म लिनु भएको थिएन भनेर मानिसहरूलाई बहाकउने प्रयास गरेका थिए तर मानिसहरू त्यस बहकाउमा आएन। नेपाली संस्कृति परिषद समाजमा सत्य तथा तथ्यहरूको आधारमा जागृत एवं संगठित गर्ने काम गरिरहेको छ। त्यसै अनुरूप अयोध्यामा नेपाली संस्कृति परिषदको अन्तर्राष्टीय सम्मेलनको आयोजन भइरहेको छ। समाजलाई छुआ-छुत मुक्त, नारी सम्मान युक्त एवं राष्ट्र प्रेमले परिपूर्ण बनाउनको निम्ति श्रीराम आदर्श हुनू। यसैले अयोध्या अनि जनकपुर बीचको सम्बन्ध सम्पर्क जति बढ़दछ दुवै देशको निम्ति त्यति राम्रो हो। यस सम्मेलनमा नेपाली संस्कृति परिषदले अयोध्या धामदेखि नेपालको जनकपुर धामसम्म यथा शीघ्र एक सम्पर्क सर्किट बनाउने एक प्रस्ताव पारित गरेको छ। भारत अनि नेपालको जन-मानस बीचको सम्बन्धलाई शक्ति प्रदान गर्न हेतु यो सम्पर्क सर्किट महत्वपूर्ण हुनेछ। नेपाली संस्कृति परिषद सम्मेलनले भारत एवं नेपाल सरकारलाई सम्बन्ध सर्किट शीघ्र निर्माणको निम्ति एक प्रस्ताव पठाएको जानकारी प्राप्त भएको छ। नेपाली संस्कृति परिषदको यस सम्मेलनमा देश विदेशको ५ सयभन्दा अधिक प्रतिनिधिहरूले भाग लिइरहेको छ। यो सम्मेलनको समापन भोलि हुनेछ।

## बार्षिक विदाई

डा. राधाकृष्णन् उच्चतर माध्यमिक विद्यालयको बार्षिक विदाई एवम् पुरस्कार वितरण समारोह सफलतापूर्वक सम्पन्न गरिएको छ। जीटीए सभाका चियरमेन अञ्जुल चौहानको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा विशिष्ट अतिथिको रूपमा क्षेत्रिय सभासद उदय देवानए जीटीए शिक्षा विभागका कार्यकारी निर्देशक ईडी मनवेन्द्र मोदकसहित अन्य व्यक्तित्वहरूको विषेश उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यालयका शैक्षिक वर्ष २०२४ का बाह्रौं श्रेणीका जम्मा ४७ जना विद्यार्थीहरूलाई विद्यालयको तर्फबाट खदा अनि स्मृति चिन्ह प्रदान गरेर विदाई गरिनुका साथै कार्यक्रममा पाँचौंदेखि नवौँ श्रेणीका प्रथमए दोस्रो अनि तेस्रो स्थान प्राप्त गर्ने विद्यार्थी अनि अभिभावकलाई खदा अनि ट्रफी प्रदान गरेर सम्मान जनाइयो। कार्यक्रममा मुख्य आकर्षण यस वर्षको स्टुडेन्ट अफ द इयर -२०२४ घोषणा गरियो जसमा सर्वाधिक प्रतिशत ९०.६% लिएर सातौं श्रेणीका छात्रा उपासना राईलाई चयन गर्दै उनलाई विद्यालयको तर्फबाट विगत बर्षझैं खदा, आकर्षक ट्रफी साथै नगद पुरस्कार १०हजार प्रदान गरियो।

## संयुक्त माध्यमिक शिक्षक संगठन

संयुक्त माध्यमिक शिक्षक संगठन मिरिक सर्कल कमिटि गठन भएको छ। थर्बु उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक मणिकुमार प्रधानको अध्यक्षतामा सम्पन्न सभामा कार्यकारी सभासद् अरुण सिंगची, सभासद् मिलेश राईसहित मिरिक क्षेत्रका बिद्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो सभाले मिरिक सर्कल कमिटि गठन गऱ्यो जसमा अध्यक्ष विवेक नेवार, उपाध्यक्ष दीप जोशी र अमिर तामाङ, महासचिव डीके राई एसह सचिव आदित्य राई, बालकृष्ण शर्मा, कोषाध्यक्ष बसन्त योञ्जनए सह कोषाध्यक्ष सुगम राई, मिडिया प्रभारी मुकेश शर्मा नियुक्त भए।

## अजय एडवाडर्स

रूङदुङ खोलामाथि जीटीएले ब्रीज नगरेको खण्डमा अजय एडवाडर्सले गाउँलेहरूसंग मिलेर पक्का ब्रीजको निर्माण गर्ने घोषणा गर्नु भएको छ। लेबुङ बदमताम समष्टि र तकदाह ग्लेनर्वण समष्टि माझ रहेको रूङदुङ खोलामा ब्रीज नभएको कारणले स्थानीय क्षेत्रका मानिसहरूलाई धेरै प्रभाव परी रहेको छ। यस क्षेत्रका मानिसहरूले रूङदुङ खोलामाथि ब्रीजको निर्माण गरी दिने

क्षेत्रिय सरकारलाई धेरै पटक निवेदन गरी सक्दा पनि ब्रीजको निर्माण गर्ने कुनै चासो नदेखाउँदा स्थानीय गाउँलेहरूले हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सलाई ब्रीजको निर्माण गरी दिने विन्ति विसाएको श्री एडवाडर्सले एक प्रेस बिज्ञप्तिमार्फत जनाउनु भएको छ।

**नमस्ते फाउन्डेसन दार्जीलिङ**

पोख्रेबोङ्गको साङ्गेटार खेल मैदान मास्तिर अनि उपस्वस्थ्य केन्द्र परिसरमा लापत्त अवस्थमा जीवन बिताइरहेका रनबहादुर तामाङ नाम अनि पुसुमबेङ अनि साङमा सिरुबारी ठेगना बताउने ८० वर्षिय वृद्धको नाजुक अवस्थाको विवरण सामाजिक संजालमा आएपछि आज पोख्रेबोङ उलस्वस्थ्य केन्द्र परिसरबाट नमस्ते फाउन्डेशनबाट पिङ्की विश्वकर्मा अनि टोलीको सक्रियता अनि परिवार पक्ष तथा प्रशासनको अनुमतिमा उनीलाई दार्जीलिङ जिल्ला अस्पताल लगिएको छ। उनी स्वस्थ बने पछि उनलाई वृद्ध आश्राममा राखिने संस्थापक विश्वकर्मले जानकारी गराउनु भएको छ। उहाँले यस अभियानमा यातायातको प्रबन्ध गरि रनबहादुर तामाङलाई उद्धार गर्न सहयोग गरेका राजेश चौहान प्रति पनि आभार प्रकट गर्नु भएको छ।

**साइराज खाती**

आगमी क्रिसमसको दिव्य पर्वलाई मध्य नजर गरेर भारतीय नेपाली साहित्यका युवा सर्जक दिलकस विद्याभूषण तामाङको शब्द रचनामा "हजार कष्ट" नामक प्रथम गोस्पल गीत प्रतिष्ठित युवा गायक साइराज खातीको स्वर आगमी १५ डिसेम्बरको दिन सार्वजनिक हुने निश्चित भएको छ। युवा संगीतकार रवीन्द्र सुन्दासले संगीतबध्द गरेको उक्त गीतलाई युवा संगीतकार अभिशेक रामुदामुले संगीत संयोजन गरेका छन्। बर्ष २०२४ मा संगीतकार रवीन्द्र सुन्दास अनि लाक्पा छिरिङ तामाङको संगीतमा सर्जक दिलकस विद्याभूषण तामाङको दर्जनभन्दा अधिक गीत अनि भजनहरू सार्वजनिक भइसकेको छ। प्रस्तुत "हजार कष्ट" लाई समाजसेवी बुद्धिराज तामाङ लामाको सहयोगितामा हिमालयन पेन्टिकोस्टल चर्च गेलबाट रिलिज गरिने भएको छ। बरिस्ठ गायक सुरेश कुमार अनि लाक्पा छिरिङ तामाङले पनि दिलकस विद्याभूषणको रचनाहरू संगीत अनि स्वरबध्द गरिसकेका छन्।

**डा भीमराव अम्बेडकर फेलोशिप**

भारतीय दलित साहित्य अकादमी दिल्लीबाट डा भीमराव अम्बेडकर फेलोशिप पुरस्कार ग्रहण गरेर फर्केका श्री दमाई समाज खरसाङको सभापति प्रकाश सेवा र सार्की समाज खरसाङको सचिव रवि तोलङ्गीलाई खरसाङमा भव्य स्वागत गरिएको छ। उक्त स्वागत श्री दमाई समाज खरसाङको सचिव दिपेन सेवा र कार्यकारी सदस्यहरु लगायत सार्की समाज खरसाङको पदाधिकारीहरू र सदस्यहरुले खरसाङमा दुवैलाई भव्य स्वागत गरिएको छ। दुवैलाई खरसाङमा खदार्पणसहित स्वागत गरिएको छ।

**स्मुल फुड कार्ट एसोसिएन**

स्मुल फुड कार्ट एसोसिएनले आफ्नो साप्ताहिक सर सफाइ अभियान अन्तर्गत आज पनि मिरिकको सहमेन्दु झिल परिसरमा व्यापक सफाइ गरेको छ। एसोसिएसनका अध्यक्ष एटी राईको नेतृत्वमा स्थानीय चालिसवटा दोकानेहरुको समूहले गत धेरै समयदेखि स्वच्छता अभियान चलाइरहेको छ। श्री राईले सहमेन्दु झिलको कारण नै यहाँ रोजगार सृजना भइरहेको भन्दै झिल संरक्षण अनि सफाई आफुहरुको दायित्व रहेको बताउनु भयो। उहाँले जानकारी गराए अनुसार एसोसिएसनले समाजमा रहेका रोगीहरुको सहयोगको उद्देश्य राखेर क्यालेन्डर प्रकाशित गरेको छ। क्यालेन्डरवाट जम्मा राशी विविध समस्यासित जडित मानिसहरुको सहयोग हेतु सदुपयोग गरिनेछ। यसै अवसरमा उहाँले मिरिक नगरपालिकाप्रति आभार प्रकट गर्नु भयो।

**मौसम**

दिसम्बरको दोस्रो सातामा बंगालमा कठ्याँग्रिने जाड़ो अनुभव भइरहेको छ। राज्यका केही जिल्लाहरूमा तापमान १० डिग्री सेल्सियसदेखि तल झरेको छ। अलिपुर मौसम विभागले आज जानकारी दिए अनुसार, आइतवारसम्ममा राज्यका अधिकांश भागहरूमा शीतलहरको प्रभाव जारी रहनेछ। उत्तर बंगालमा जाड़ोको प्रभाव जारी छ। आगामी दुई दिनसम्ममा

तापमानमा कुनै ठूलो परिवर्तन देखिनेछैन। तथापि आगामी सोमवारदेखि तापमानमा सामान्य वृद्धि आउनसक्छ। तर यो सामान्यभन्दा तल नै रहनेछ। राज्यमा शुष्क मौसमको प्रभाव आगामी केही दिनसम्म जारी रहनेछ अनि वर्षा हुने सम्भावना हाल देखिँदैन।

****** ० ******

*************